प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

कोशी प्रदेश विराटनगर,नेपाल

पत्र संख्या :-०८०/८१

मिति :-२०८०/११/१६

चलानी नं :-६८२८

श्री यातायात पूर्वाधार निर्देशनालय, इटहरी

श्री ग्रामिण सडक सञ्जाल सुधार आयोजना

-आयोजना कार्यान्वयन इकाई, विराटनगर,

श्री पूर्वाधार विकास कार्यालय, सबै

श्री शहरी विकास तथा भवन कार्यालय, सबै

विषय: बजेट समर्पण सम्बन्धमा ।

प्रस्तुत् विषयमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ को उपदफा ३ मा "प्रदेश विनियोजन ऐनमा समावेश भएका कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोश्रो चौमासिक सम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ। त्यसैगरी कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ८ को उपदफा(९) मा "विनियोजन ऐनमा समावेश भएको प्रदेश स्रोत तर्फको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको फागुन मसान्त सम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्नेछ" भन्ने व्यवस्था भएकोले तहाँ कार्यालयहरुमा समेत सो व्यवस्थाको कार्यान्वयनको लागि ध्यानाकर्षण सहित अनुरोध छ।

साथै, तहाँ कार्यालयबाट समर्पण हुने बजेटको विवरण निर्णय गरी तपसिलको ढाँचामा हुने गरी २०८०/१२/०१ गते भित्र यस मन्त्रालयमा अनिवार्य रुपमा प्रमाणित Hard copy र कालिमाटी फन्टमा तयार गरिएको विद्युतिय प्रति (Electronic Copy) इमेल ठेगाना: mopid.province1@gmail.com, road.mopid@gmail.com, building.mopid1@gmial.com & mopid1.acco@gmail.com मा पठाइदिनुहुन आदेशानुसार अनुरोध छ ।

तपसिल:

| ब.उ.शि.नं | कार्यालयको नाम | खर्च संकेत नं | क्रियाकलापको नाम | रकम( रु हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

लेखा अधिकृत